# देवदह नगरपालिका कार्यालय

देवदह -५, केरवानी, रुपन्देही

## सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धि सूचना

देवदह नगरपालिका केरवानी, रुपन्देही स्था २०७४

सूचना प्रकाशित मिति २०७३/०४/१६

सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत आर्थिक वर्ष ०७३/०७४ साथै ०७४/०७५ को कार्यक्रममा समावेश हुनका लागि हाल सामाजिक सुरक्षा भत्ता पाईरहेकाहरुले आफआफ्नो परिचय पत्र नविकरण गर्न र देहाय बमोजिम योग्यता पुगेका राज्यकोषबाट अन्य कुनै वृत्तिको सुविधा नपाएका देवदह नगरपालिका क्षेत्र भित्र स्थायी बसोवास भएकाहरुलाई यहि २०७३ श्रावण देखि मंसिर १५ गते भित्र तपशिल बमोजिम कागजपत्रका फोटोकपि सहित आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी तोकिएको अनुसूची बमोजिमको फारम भरी पेश गर्नु हुन सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । अनुसूची बमोजिमका फारमहरु सम्बन्धित वडा समितिका कार्यालयवाट नि:शुल्क रुपमा उपलब्ध हुने व्यहोरा समेत सूचित गरिन्छ ।

नोट : यो सूचना सुन्ने पढ्ने महानुभावहरुले कार्यक्रममा समावेश हुन योग्यता पुगेका आफ्ना घर छिमेकमा जानकारी गराई सहयोग गरी दिनुहुन अनुरोध छ ।

तपशिल

क) जेष्ठ नागरिक : २०७४ फाल्गुन समान्त सम्ममा ७० वर्ष पुरा हुनेले अनुसूची ३ क बमोजिम निवेदनका साथ नागरिकताको प्रतिलिपी, अटो साईजको फोटो २ प्रति पेश गर्ने ।

जेष्ठ नागरिक (दलित) : २०७४ फाल्गुन मसान्त सम्ममा ६० वर्ष पुरा हुनेले अनुसूची ३ क बमोजिमको निवेदनका साथमा नागरिकताको प्रतिलिपी, अटो साईजको फोटो २ प्रति पेश गर्ने ।

ख) एकल महिला : ६० वर्ष पुरा हने एकल महिला ( अविवाहित/सम्बन्ध विच्छेद भई हाल सम्म विवाह नभएका ) ले अनुसूची बमोजिमको निवेदनका साथमा नागरिकताको प्रतिलिपी, अटो साईजको फोटो २ प्रति, सम्बन्ध विच्छेद भएकाले विच्छेद प्रमाण पत्रको प्रतिलिपी, अविवाहितले व्यहोरा खुल्ने प्रमाण पत्रको प्रतिलिपी पेश गर्ने ।

ग) एकल महिला ( विधवा ) : २०७३ असार मसान्त सम्ममा ६० वर्ष पुरा नहुनेले अनुसूची ३ क बमोजिमको निवेदनका साथमा नागरिकताको प्रतिलिपी, अटो साईजको फोटो २ प्रति, पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्ने ।

घ) लोपोन्मुख : आदीवासी, जनजाती ( अनुसूची २ बमोजिमका उमेर हद नहुने ) ले अनुसूची ३ क बमोजिमको निवेदनको साथमा नागरिकताको प्रतिलिपी, अटो साईजको फोटो २ प्रति, नावालकको हकमा जन्म दर्ता प्रमाण पत्र र अविभावकको नागरिकता प्रतिलिपी पेश गर्ने ।

ङ) अशक्त अपाङ्ग व्यक्ति : पूर्ण अशक्त ( रातो कार्ड ) र आंशिक अपाङ्ग ( निलो कार्ड ) हुनेले ३ ख तोकिएको ढाँचामा फारम भरि साथमा नागरिकताको प्रतिलिपी, अटो साईजको फोटो २ प्रति, अपाङ्ग परिचय पत्रको प्रतिलिपी, १६ वर्ष पुरा नभएकाको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, संरक्षकको नागरिकताको प्रतिलिपी र संरक्षकको अटो साईजको फोटो २ प्रति पेश गर्ने ।

च) बाल संरक्षण अनुदान : (विपन्न दलित ५ वर्ष मुनिका बालवालिका) अनुसूची ३ ग बमोजिमको निवेदनको साथमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, अभिभावक वा संरक्षकको नागरिकताको प्रतिलिपी १/१ प्रति, बाल बालिका र संरक्षकको अटो साईजको फोटो २/२ प्रति पेश गर्ने ।

छ) अन्य :

१) अन्यत्रवाट बसाई सरी देवदह नगरपालिका भित्र स्थायी बसोवास गर्दै आउनु भएकाहरुको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपी ।

२) राज्यकोषवाट नियमित रुपमा यस भन्दा बढी सुविधा प्राप्त गरी रहेका व्यक्तिले यस बमोजिम भत्ता वृत्ति पाउन छैनन् ।

३) सामाजिक सुरक्षा भत्ता परिचय पत्र लिएकाले उक्त मिति भित्र आ-आफ्नो वडा समितिको कार्यालयमा गई तोकिएको फारम भरी नविकरण गराउने ।

४) एकल महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न दलित बालबालिकाको हकमा जुन सुकै समयमा पनि दरखास्त दिन सकिनेछ ।

५) थप जानकारीका लागि देवदह नगरपालिका तथा सवै वडा समितिका कार्यालयमा सम्पर्क गर्न सकिने छ । साथै सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी २०७२ संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, केन्द्रिय पञ्जिकरण विभागको website : www.docr.gov.np मा हेर्न सकिनेछ ।

सम्पर्क नं. ०७१-५७७३०३, ५७७२९२, ५७७४०३, ५७७०९२

गणेश घिमिरे
कार्यकारी अधिकृत